# औद्योगिक व्यवसाय नियमावली, २०७८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७८।१२।२१

संशोधन

१. औद्योगिक व्यवसाय (पहिलो संशोधन) नियमावली, २०८१ २०८१।११।२६

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "औद्योगिक व्यवसाय नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "नेपाल व्यवसाय मञ्च" भन्नाले नियम ३८ बमोजिमको नेपाल व्यवसाय मञ्च सम्झनु पर्छ।

(ग) "रूग्ण उद्योग सुझाव समिति" भन्नाले नियम ३६ बमोजिमको रूग्ण उद्योग सुझाव समिति सम्झनु पर्छ।

## परिच्छेद- २

## उद्योग दर्ता

३. **निवेदन दिनु पर्नेः** (१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले देहायका कागजात र विवरणसहित उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकायमा अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा विदेशी नागरिक भएमा राहदानीको प्रतिलिपि,

(ख) निवेदक फर्म भएमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भएमा सोको अख्तियारी पत्र,

(घ) विदेशी लगानीमा उद्योग सञ्चालन गर्ने भएमा विदेशी लगानी स्वीकृति भएको पत्र,

(ङ) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भएमा साझेदारबीच भएको सम्झौताको प्रतिलिपि,

(च) ऐनको अनुसूची-१ मा उल्लिखित उद्योगको हकमा बोर्डबाट प्राप्त अनुमति पत्र।

(२) उपनियम (१) बमोजिम उद्योग दर्ताको लागि निवेदन दिँदा निवेदनसाथ अनुसूची–२ बमोजिमको ढाँचामा तयार गरेको परियोजना विवरणसमेत पेश गर्नु पर्नेछ।

४. **<u>उद्योग दर्ता प्रमाणपत्र दिनु पर्नेः</u>** (१) नियम ३ बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग दर्ताका लागि आवश्यक पर्ने कागजात र विवरण पूरा भएको देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योग दर्ता गरी सम्बन्धित निवेदकलाई अनुसूची–३ बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दिइने उद्योग दर्ताको प्रमाणपत्रमा ऐनको दफा ५ को उपदफा (२) मा उल्लिखित विवरणका अतिरिक्त अनुसूची–४ बमोजिम उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि समेत उल्लेख गर्नु पर्नेछ।

५. **<u>उजुरी गर्न सक्नेः</u>** (१) विभागले उद्योग दर्ता गर्न अस्वीकार गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले ऐनको दफा ६ को उपदफा (१) बमोजिम मन्त्रालयमा उजुरी दिँदा अनुसूची-५ र प्रदेशको उद्योग दर्ता गर्ने निकायले दर्ता गर्न अस्वीकार गरेको निर्णयको हकमा सम्बन्धित प्रदेशको उद्योग हेर्ने मन्त्रालयमा अनुसूची-६ बमोजिमको ढाँचामा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उजुरी दिँदा देहायका कागजात समेत संलग्न गर्नु पर्नेछः-

(क) विभागले गरेको निर्णयको प्रतिलिपि,

(ख) उद्योग दर्ताको लागि विभागमा पेश गरेको विवरण र कागजातको प्रति,

(ग) आफ्नो उजुरीको व्यहोरा पुष्टि गर्ने अन्य प्रमाण कागजात।

६. **<u>अनुमतिको लागि निवेदन दिनुपर्ने:</u>** (१) ऐनको दफा ८ को उपदफा (१) बमोजिम बोर्डबाट अनुमति लिनुपर्ने कुनै उद्योग दर्ता गराउन चाहने व्यक्तिले अनुमतिको लागि निवेदन दिँदा नियम ३ बमोजिम उद्योग दर्ताको लागि आवश्यक पर्ने विवरण र कागजात संलग्न गरी अनुसूची-७ बमोजिमको ढाँचामा विभागमार्फत बोर्डमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर बोर्डबाट उद्योग दर्ता गर्न अनुमति दिने निर्णय भएमा विभागले अनुसूची-८ बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम उद्योग दर्ता गर्न अनुमति दिने निर्णय भएपछि बोर्डले उपनियम (१) बमोजिम निवेदन साथ पेश भएका विवरण र कागजातको अभिलेख राखी सोको सक्कल प्रति विभागमा पठाउनु पर्नेछ र त्यस्तो निवेदकले उद्योग दर्ताको लागि नियम ३ बमोजिम विभागमा निवेदन दिँदा त्यस्तो विवरण वा कागजात पुनः पेश गर्नुपर्ने छैन।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम पेश भएको कागजात र विवरणमा फरक परेमा वा पेश भएको विवरणमा अद्यावधिक गर्नु पर्ने भएमा निवेदकले त्यस्तो कागजात र विवरण पुनः पेश गर्नु पर्नेछ।

७. **<u>अवधि थपको लागि निवेदन दिन सकिने:</u>** (१) ऐनको दफा ९ को उपदफा (२) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थपको लागि उद्योग दर्ता गर्ने निकायमा निवेदन दिँदा अनुसूची-९ बमोजिमको ढाँचामा दिनु पर्नेछ।

(२) ऐनको दफा ९ को ⇔<u>उपदफा (२)</u> बमोजिम अवधि बढाउनको लागि दिइने निवेदनसाथ µ<u>प्रत्येक वर्षको लागि</u> देहायबमोजिमको विलम्ब शुल्क बुझाएको निस्सासमेत संलग्न गर्नु पर्नेछ :-

(क) घरेलु तथा साना उद्योगको हकमा पन्ध्र हजार रूपैयाँ,

(ख) मझौला उद्योगको हकमा पचास हजार रूपैयाँ,

(ग) ठूला उद्योगको हकमा एक लाख पचास हजार रूपैयाँ।

(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा कुनै थप विवरण, कागजात वा जानकारी आवश्यक पर्ने देखेमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित

---

⇔ पहिलो संशोधनद्वारा संशोधित।

µ पहिलो संशोधनद्वारा थप।

निवेदकलाई सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी पेश गर्न लगाउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम माग गरिएको विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा ⇨नबढ्ने गरी उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछ।

८. **उद्योग स्थानान्तरण गर्न स्वीकृति लिनु पर्नेः** (१) ऐनको दफा ११ को उपदफा (१) बमोजिम उद्योग स्थानान्तरण गर्ने स्वीकृतिको लागि निवेदन दिंदा देहायका कागजात र विवरण सहित अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर

(ग) चुक्ता प्रमाणपत्र,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने उद्योगको हकमा प्रचलित कानूनबमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ङ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्राप्त गरेको भए त्यस्तो छुट, सुविधा वा सहुलियत प्रदान गर्ने निकायको सहमति,

(च) अनुसूची–२ बमोजिमको परियोजनाको अद्यावधिक विवरण।

⇨(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगीलाई ऐनको दफा ११ को उपदफा (२) को अधीनमा रही अनुसूची-११ बमोजिमको ढाँचामा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरण गर्ने स्वीकृति दिन मनासिब नदेखिएमा उद्योग दर्ता गर्ने निकायले निवेदन परेको मितिले सात दिनभित्र सोको कारणसहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

⇨ पहिलो संशोधनद्वारा संशोधित।

[µ]८क. **स्वामित्व हस्तान्तरण वा परिवर्तन गर्दा स्वीकृति लिनु पर्नेः** (१) कुनै उद्योगको स्वामित्व हस्तान्तरण वा परिवर्तन गर्नु पर्ने भएमा सम्बन्धित उद्योगले उद्योग दर्ता गर्ने निकायमा स्वीकृतिका लागि देहाय बमोजिमका कागजात संलग्न गरी संयुक्त निवेदन दिनु पर्नेछः-

(क) साधारणसभा वा सञ्चालक समितिको निर्णय,

(ख) उद्योगको दायित्व र सम्पत्ति फरफारक सम्बन्धी विषय उल्लेख गरी भएको सम्झौताको प्रति,

(ग) कम्पनी अद्यावधिक पत्रको प्रतिलिपि,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(च) सम्बन्धित नियामक निकायको अनुमति लिनुपर्ने उद्योगको हकमा त्यस्तो निकायले स्वामित्त्व हस्तान्तरण वा परिवर्तन गर्न दिएको अनुमति,

(छ) पुँजीगत लाभकरका विषयमा सम्बन्धित कर कार्यालयको पत्र, र

(ज) सूचिकृत उद्योगको हकमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले शर्त तोकी स्वीकृति दिनु पर्नेछ।

९. **पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्नेः** (१) कुनै उद्योगले आफ्नो विद्यमान पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिर्वतन गर्नको लागि ऐनको दफा १२ को उपदफा (१) बमोजिम स्वीकृति लिन चाहेमा देहायका कागजात र विवरणसहित अनुसूची-१२ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) अनुसूची–१३ बमोजिमको उद्योगको अद्यावधिक विवरण,

(घ) उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिर्वतन गर्ने सम्बन्धमा सम्बन्धित कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरेको भएमा सोको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदार बीचको सम्झौताको प्रतिलिपि,

---

µ पहिलो संशोधनद्वारा थप।

(च) प्रचलित कानून बमोजिम कुनै निकायको सिफारिस आवश्यक पर्ने भए सम्बन्धित निकायको सिफारिस पत्र,

(छ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने उद्योगको हकमा प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनसाथ पेश भएको कागजात र विवरणउपर जाँचबुझ गर्दा निवेदनलाई पुष्ट्याइँ गर्ने कुनै थप विवरण वा कागजात आवश्यक भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो कागजात र विवरण निवेदकसँग माग गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम माग भएको कागजात र विवरण निवेदकले सात दिनभित्र उद्योग दर्ता गर्ने निकायमा बुझाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको निवेदन, कागजात र विवरण उपर जाँचबुझ गर्दा उद्योगको स्थलगत निरीक्षण गर्न आवश्यक देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको स्थलगत निरीक्षण गरी वा गराई सोको प्रतिवेदन लिन सक्नेछ।

(५) उपनियम (१) र (३) बमोजिम प्राप्त निवेदन, विवरण तथा कागजात र उपनियम (४) बमोजिमको स्थलगत निरीक्षण प्रतिवेदन समेतको आधारमा स्वीकृति दिन मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले ऐनको दफा १२ को उपदफा (२) बमोजिम उद्योगको विद्यमान पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिर्वतन गर्न स्वीकृति दिनु पर्नेछ।

१०. **विवरण उपलब्ध गराउनु पर्ने:** (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि ऐनको दफा १३ को उपदफा (१) मा उल्लिखित अवधिभित्र उद्योग दर्ता गर्ने निकायमा देहायको विवरण पेश गर्नु पर्नेछः-

(क) लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) अनुसूची-१३ बमोजिमको उद्योगको अद्यावधिक विवरण।

(२) उपनियम (१) बमोजिमको विवरण उद्योग दर्ता गर्ने निकायबाट सञ्चालित विद्युतीय प्रणालीमार्फत समेत पेश गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएपछि उद्योग दर्ता गर्ने निकायले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ।

११. **उद्योग बन्द गरेको जानकारी दिनुपर्ने:** कुनै उद्योगीले ऐनको दफा १४ बमोजिम उद्योग बन्द वा उत्पादन वा कारोबार स्थगन गरेमा सोको जानकारी उद्योग दर्ता गर्ने निकायमा अनुसूची–१४ बमोजिमको ढाँचामा दिनु पर्नेछ।

१२. **दर्ता खारेज गर्ने:** (१) ऐनको दफा १५ को उपदफा (१) बमोजिम उद्योगको दर्ता खारेजीका लागि देहायको कागजात र विवरण संलग्न गरी अनुसूची–१५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) लिक्वीडेटर नियुक्त गरेको भए त्यस्तो लिक्वीडेटरले पेश गरेको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ख) लिक्वीडेटर नियुक्त नगरेको भए मान्यता प्राप्त मूल्याङ्कनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथा मूल्याङ्कन प्रतिवेदन,

तर एक करोड रूपैयाँसम्म स्थिर पूँजी भएको उद्योगको हकमा उद्योगले पेश गरेको जायजेथा मूल्याङ्कन प्रतिवेदन मान्य हुनेछ।

(ग) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीप्रतिको दायित्व फरफारख गरेको प्रमाणित हुने विवरण वा कागजात,

(घ) उद्योगले सरकारी दायित्व तथा अन्य दायित्व फरफारख गरेको प्रमाणित हुने विवरण वा कागजात,

(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखा परीक्षण प्रतिवेदन, र

(ज) उद्योगको विरूद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्योगले गरेको स्वःघोषणा।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले सो उद्योगसँग कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए पैंतीस दिनभित्र सोको प्रमाणसहित लिखित रूपमा दाबी पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्न सम्बन्धित उद्योगीलाई आदेश दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रकाशित सूचना अनुसार निर्धारित अवधिभित्र कसैको दाबी परी जाँचबुझ गर्दा कुनै दायित्व बाँकी रहेको भए त्यस्तो दायित्व फरफारख गर्न उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगीलाई आदेश दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको आदेश अनुसार सम्बन्धित उद्योगीले दायित्व फरफारख गरेको देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र सो उद्योगको दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश बमोजिम फरफारखको कार्य सम्पन्न नभएसम्म वा त्यस्तो उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालतमा मुद्दा परी विचाराधीन रहेको अवस्थामा मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन।

१३. **अभिलेख माग गर्दा निवेदन दिनुपर्ने:** (१) ऐनको दफा १६ को उपदफा (२) बमोजिम कुनै उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्तिले उद्योग दर्ता गर्ने निकायमा रहेको आफूसँग सम्बन्धित कागजात वा अभिलेख माग गर्दा अनुसूची-१६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा निवेदन मागबमोजिम कागजात वा अभिलेख उपलब्ध गराउन उपयुक्त देखिएमा उद्योग दर्ता गर्ने निकायले प्रचलित कानूनबमोजिम लाग्ने प्रतिलिपि दस्तूर लिई निवेदकलाई त्यस्तो कागजात वा अभिलेख प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ।

१४. **सहकारी संस्थाले उद्योग दर्ता गर्न सक्ने:** (१) प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालनमा रहेका देहायका सहकारी संस्थाले ऐनको दफा १७ को उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न चाहेमा ऐन तथा यस नियमावली र त्यस्तो संस्थाको विनियमको अधीनमा रही उद्योग दर्ता गर्न सक्नेछन्ः-

(क) उत्पादक सहकारी संस्था वा सङ्घ,

(ख) उपभोक्ता सहकारी संस्था वा सङ्घ,

(ग) श्रमिक सहकारी संस्था वा सङ्घ, वा

(घ) बहुउद्देश्यीय सहकारी संस्था वा सङ्घ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने वित्तीय सहकारी संस्था वा सङ्घले उद्योग दर्ता गर्न पाउने छैन।

(३) उपनियम (१) बमोजिम उद्योग दर्ता गर्न चाहने सहकारी संस्थाले देहायका कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायमा निवेदन पेश गर्नु पर्नेछः-

(क) सहकारी संस्थाको विनियमको प्रतिलिपि,

(ख) उद्योग सञ्चालन गर्ने सम्बन्धमा साधारण सभाबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भएमा सोको अख्तियारी पत्र,

(घ) उद्योग स्थापना हुने स्थानीय तहको सिफारिस,

(ङ) सहकारी संस्थाको अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(च) शेयर सदस्यहरूको शेयर लगत सहितको विवरण।

१५. **वर्गीकरण अद्यावधिक गर्न निवेदन दिनुपर्ने**: (१) ऐन प्रारम्भ हुनु अघि दर्ता भएका उद्योगले ऐन बमोजिम वर्गीकरण हुन चाहेमा देहायको कागजात र विवरण संलग्न गरी अनुसूची-१७ को ढाँचामा उद्योग दर्ता गर्ने निकायसमक्ष निवेदन दिनु पर्नेछः-

(क) उद्योगको वर्गीकरण अद्यावधिक गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय,

(ख) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(घ) अख्तियारनामा दिएको भए सोको सक्कल पत्र, र

(ङ) कुन वर्गमा अद्यावधिक गर्ने हो सो वर्गको लागि अद्यावधिक हुन योग्य भएको पुष्टि हुने कागजात विवरण।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योगको वर्गीकरण गर्नु उपयुक्त देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र त्यस्तो उद्योगको वर्गीकरण अद्यावधिक गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

## [µ]परिच्छेद-२क.

## स्टार्टअप उद्यम दर्ता तथा सञ्चालन

**१५क.** **स्टार्टअप उद्यम दर्ता तथा सञ्चालनः** (१) ऐनको दफा ४क. बमोजिम स्टार्टअप उद्यम दर्ता गर्न चाहने फर्म वा कम्पनीले देहायका कागजात तथा विवरण सहित उद्योग दर्ता गर्ने निकायमा अनुसूची-१७क. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) नियम ३ को उपनियम (१) बमोजिमका कागजात र विवरण,

(ख) सञ्चालनमा रहेको फर्म वा कम्पनीको हकमा अघिल्लो आर्थिक वर्षको वार्षिक लेखापरीक्षण प्रतिवेदन वा सञ्चालनमा नरहेको फर्म वा कम्पनीको हकमा वित्तीय अवस्था देखिने विवरण,

(ग) वस्तु वा सेवाको उत्पादनमा नवीन सोच र प्रविधिको प्रयोग सम्बन्धी स्वःघोषणा।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा ऐनको दफा ४क. बमोजिमको स्टार्टअप उद्यमको रूपमा दर्ता गर्न उपयुक्त देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो स्टार्टअप उद्यम दर्ता गरी अनुसूची-१७ख. बमोजिमको ढाँचामा स्टार्टअप उद्यम दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दर्ता भएको स्टार्टअप उद्यमको उद्योग दर्ता गर्ने निकायले एकीकृत सूची बनाई अभिलेख राख्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम दर्ता भएको स्टार्टअप उद्यमले एक वर्षभित्र उद्यम सञ्चालन गरी उद्योग दर्ता गर्ने निकायमा सोको जानकारी दिनु पर्नेछ।

**१५ख.** **स्टार्टअप उद्यमको दर्ता खारेजः** ऐनको दफा ४क. बमोजिम दर्ता भएको स्टार्टअप उद्यमको दर्ता खारेज ऐनको दफा १५ र नियम १२ बमोजिम हुनेछ।

**१५ग.** **स्टार्टअप उद्यमको रूपमा कायम नरहनेः** (१) ऐनको दफा ४क. बमोजिम दर्ता भएको स्टार्टअप उद्यम देहायको कुनै अवस्थामा स्टार्टअप उद्यमको रूपमा कायम रहने छैनः-

(क) स्टार्टअप उद्यम दर्ता भएको अवधि दश वर्ष पूरा भएमा,

(ख) स्टार्टअप उद्यमको रूपमा दर्ता भएपछि कुनै आर्थिक वर्षमा पन्ध्र करोड रुपैयाँभन्दा बढीको कारोबार गरेमा,

(ग) नियम १५ख. बमोजिम स्टार्टअप उद्यमको दर्ता खारेज भएमा।

(२) उपनियम (१) बमोजिम स्टार्टअप उद्यमको रूपमा कायम नरहने अवस्था भएमा उद्योग दर्ता गर्ने निकायले सो व्यहोरा आफ्नो अभिलेखमा जनाई त्यस्तो उद्यमलाई

---

µ पहिलो संशोधनद्वारा थप।

नेपाल कानून आयोग

स्टार्टअप उद्यमको सूचीबाट हटाई सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्यमीलाई दिनु पर्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्टार्टअप उद्यम ऐनको दफा ३ बमोजिम उद्योगको रूपमा स्थापना वा सञ्चालन हुन बाधा पर्ने छैन।

**१५घ.** **स्टार्टअप उद्यम प्रवर्धन गर्ने वा गराउने:** स्टार्टअप उद्यमको प्रवर्धन तथा संवर्धनको लागि मन्त्रालयले देहायका काम गर्न वा गराउन सक्नेछः-

(क) स्टार्टअप उद्यमको प्रवर्धन तथा संवर्धन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा,

(ख) स्टार्टअप उद्यमको नीति, कानून, त्यस्तो उद्यमको संस्थागत क्षमता तथा कार्य प्रणालीको समीक्षा गरी सुधारको लागि सिफारिस,

(ग) स्टार्टअप पर्यावरण निर्माण गर्न उद्यम संवर्धन केन्द्रको स्थापना गरी सञ्चालन,

(घ) ऐन बमोजिम स्थापना तथा सञ्चालन हुने उद्यम संवर्धन केन्द्रलाई आवश्यक सहयोग र समन्वय,

(ङ) स्टार्टअप उद्यम प्रवर्धन सम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण,

(च) उद्यम संवर्धन केन्द्र सञ्चालन गर्ने संस्थाको संस्थागत क्षमता अभिवृद्धिको लागि आवश्यक सहजीकरण र समन्वय,

(छ) नेपाल सरकारको निकायबाट सञ्चालित उद्यम संवर्धन केन्द्रको अनुगमन तथा निरीक्षण।

## परिच्छेद-३

## उद्योगलाई प्रदान गरिने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत

**१६.** **छुट, सुविधा वा सहुलियत:** (१) उद्योगले आफ्नो व्यवसायसँग सम्बन्धित बजार प्रवर्द्धन, सर्वेक्षण र विज्ञापन तथा उद्योगको भौतिक सम्पत्तिको सुरक्षाको लागि भएको खर्च आयकर सम्बन्धी प्रचलित कानूनको अधीनमा रही कट्टी गर्न सक्नेछ।

(२) बण्डेड वेयर हाउसको इजाजत नलिएको उद्योगले आफ्ना उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैङ्किङ्ग प्रणालीको माध्यमबाट निर्यात गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ र नेपालमा उत्पादन नहुने प्याकेजिङ्ग सामग्रीसमेत आयात

गर्दा लाग्ने भन्सार महसुल भन्सार सम्बन्धी प्रचलित कानूनमा निर्धारित शर्त वा कार्यविधिको अधीनमा रही धरौटी राखी आयात गर्न पाउनेछ।

१७. **महिला उद्यमीको लागि थप सुविधाः** (१) ऐनको दफा २७ को उपदफा (४) बमोजिम व्यवसायको वित्तीय स्थितिको आधारमा महिला उद्यमीलाई देहायबमोजिमको निर्यात कर्जा बैङ्किङ्ग प्रणाली मार्फत उपलब्ध गराउन सकिनेछः-

(क) लघु उद्यमको लागि पाँच लाख रूपैयाँसम्म,

(ख) घरेलु उद्योगको लागि पन्ध्र लाख रूपैयाँसम्म,

(ग) साना उद्योगको लागि बीस लाख रूपैयाँसम्म,

(घ) मझौला उद्योगको लागि तीस लाख रूपैयाँसम्म,

(ङ) ठूला उद्योगको लागि पचास लाख रूपैयाँसम्म।

(२) उपनियम (१) बमोजिमको कर्जा प्राप्त गर्नको लागि सम्बन्धित उद्योगले आफ्नो पछिल्लो आर्थिक वर्षको कुल उत्पादनको कम्तीमा तीस प्रतिशत निर्यात गरेको हुनु पर्नेछ।

१८. **थप सुविधा तथा सहुलियत उपलब्ध गराउनेः** नेपाल सरकारले देहायका उद्योगलाई ऐनको दफा २९ को खण्ड (घ) बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछः-

(क) कुल कामदारमध्ये कम्तीमा पचास प्रतिशत महिला तथा अपाङ्गता भएका व्यक्ति कामदार रहेको,

(ख) कम्तीमा असी प्रतिशत स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने,

(ग) पूर्ण रूपमा हरित ऊर्जाको प्रयोग गर्ने।

१९. **डिमाण्ड चार्ज छुटः** (१) ऐनको दफा २९ को खण्ड (च) बमोजिम विद्युत आपूर्ति नभएको समयको आधारमा उद्योग सञ्चालनमा आएको एक वर्ष पूरा भएको कुनै उद्योगले विद्युत आपूर्ति नभएको समयको अनुपातमा डिमाण्ड चार्ज छुटको सुविधा लिन चाहेमा एकल बिन्दु सेवा केन्द्रमा निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा एकल बिन्दु सेवा केन्द्रले त्यस्तो उद्योगलाई विद्युत आपूर्ति नभएको समयको अनुपातमा डिमाण्ड चार्ज छुट दिनको लागि सिफारिससहित सम्बन्धित निकायमार्फत नेपाल सरकारमा अनुरोध गरी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गर्दा एकल बिन्दु सेवा केन्द्रले देहायको विवरणसमेत खुलाई पठाउनु पर्नेछः-

(क) उद्योगको जडित विद्युत क्षमता,

(ख) उद्योगको विद्युत महसुल बक्यौताको स्थिति,

(ग) विद्युत आपूर्ति गर्ने निकायले दिएको विद्युत आपूर्ति नभएको समय सम्बन्धी विवरण।

(४) उपनियम (२) बमोजिम डिमाण्ड चार्ज छुटको लागि सिफारिससहितको अनुरोध प्राप्त भएमा सम्बन्धित निकायले डिमाण्ड चार्ज छुटको लागि नेपाल सरकारसमक्ष पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम डिमाण्ड चार्ज छुटको लागि सम्बन्धित निकायबाट पेश भएपछि नेपाल सरकारले उद्योगले तिर्ने विद्युत महसुलमा लगाई आएको डिमाण्ड चार्ज छुट दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम नेपाल सरकारबाट डिमाण्ड चार्ज छुट दिएको जानकारी एकल बिन्दु सेवा केन्द्रले सम्बन्धित उद्योगलाई गराउनु पर्नेछ।

२०. **<u>आयात अनुमति प्रदान गर्न सक्नेः</u>** (१) विदेशी लगानीमा स्थापित उद्योगले ऐनको दफा २९ को खण्ड (ज) बमोजिम विदेशस्थित मूल कम्पनीबाट उत्पादित वस्तु आयातको लागि अनुमति लिन देहायको विवरण खुलाई विभागमा निवेदन दिन सक्नेछः-

(क) आयात गर्ने वस्तुको प्रकृति, परिमाण र समयावधि,

(ख) आयात हुने वस्तुबाट नयाँ वस्तुको उत्पादन, बजार विकास तथा प्रवर्धनमा पुग्ने योगदान।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर विभागले आवश्यक जाँचबुझ गरी आयात गर्ने वस्तुको प्रकृति र परिमाण खुलाई बढीमा एक वर्षको समयावधि तोकी देहायको शर्तमा सम्बन्धित निवेदकलाई त्यस्तो वस्तु आयात गर्न अनुमति प्रदान गर्न सक्नेछः-

(क) आयात हुने वस्तु नेपाली बजारमा अन्य कुनै व्यक्ति, फर्म, कम्पनीमार्फत आयात भई बिक्री वितरण नभएको हुनुपर्ने,

(ख) परीक्षणको लागि आयात अनुमति दिँदा स्वीकृत स्कीमको पचास प्रतिशतभन्दा बढी वस्तु आयात गर्न नपाउने,

(ग) आयात गरिएको वस्तु परीक्षणको रूपमा मात्र बिक्री गर्न पाउने।

(३) उपनियम (२) बमोजिम आयात गर्न अनुमति प्राप्त वस्तुको आयात तथा परीक्षण वितरण सम्बन्धी विवरण सम्बन्धित कम्पनीले मासिक रूपमा विभागमा पेश गर्नु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको अनुसूची-१ बमोजिमका उद्योगलाई उपनियम (१) बमोजिम मूल कम्पनीबाट उत्पादित वस्तु आयात गर्न अनुमति प्रदान गरिने छैन।

२१. **समन्वय र सहजीकरण गर्न सक्ने:** (१) देहायका उद्योगले ऐनको दफा ३० को उपदफा (१) बमोजिम आफूलाई आवश्यक पर्ने जग्गा आफैंले खरिद गर्न नसकेमा त्यस्तो जग्गा खरिद वा जग्गा उपलब्ध गराउनको लागि समन्वय र सहजीकरण गरिदिन उद्योग दर्ता गर्ने निकायमा लिखित रूपमा अनुरोध गर्नु पर्नेछ :-

(क) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग,

(ख) आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत उत्पादन निर्यात गर्ने उद्योग,

(ग) अति अविकसित क्षेत्र, अविकसित क्षेत्र र कम विकसित क्षेत्रमा स्थापना हुने मझौला र ठूला उद्योग,

(घ) कम्तीमा पाँच सयजना व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उद्योग,

(ङ) दश अर्ब रूपैयाँभन्दा बढी स्थिर पूँजी लगानी भएको उद्योग,

(च) कम्तीमा पचास प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित वा आयातित कच्चा पदार्थ भए कम्तीमा पचास प्रतिशत मूल्य अभिवृद्धि हुने मझौला र ठूला उद्योग।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा र उद्योग दर्ता गर्ने निकायले त्यस्तो अनुरोध मनासिब ठानेमा त्यस्तो उद्योगलाई जग्गा उपलब्ध गराउने कार्यमा एकल बिन्दु सेवा केन्द्रमार्फत सम्बन्धित जग्गा धनी, स्थानीय तह वा स्थानीय प्रशासनसँग आवश्यक समन्वय र सहजीकरण गरी दिनेछ।

२२. **लिजमा जग्गा उपलब्ध गराउने:** (१) राष्ट्रिय प्राथमिकता प्राप्त कुनै उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्तो जग्गा प्रयोग गर्न सम्बन्धित उद्योगले अनुसूची-१८ को ढाँचामा उद्योग दर्ता गर्ने निकायसमक्ष निवदेन दिनु पर्नेछ।

नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले मन्त्रालयमार्फत त्यस्तो निवेदन तथा सो साथ संलग्न अन्य कागजातसहित आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो जग्गा राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगलाई ऐनको दफा ३१ बमोजिम लिजमा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णयको लागि नेपाल सरकारसमक्ष पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम जग्गा लिजमा उपलब्ध गराउने निर्णयको लागि पेश हुन आएमा नेपाल सरकारले प्रचलित कानूनबमोजिम जग्गा लिजमा उपलब्ध गराउन सक्नेछ।

२३. **<u>हदबन्दी छुटमा प्राप्त जग्गाको अनुगमनः</u>** (१) उद्योग दर्ता गर्ने निकायले कुनै उद्योगलाई अधिकतम हदबन्दी छुटमा प्राप्त भएको जग्गा स्वीकृत उद्देश्य बमोजिम उपयोग गरे वा नगरेको सम्बन्धमा नियमित अनुगमन गरी सम्बन्धित उद्योगलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा अनुसूची-१९ बमोजिमको अनुगमन तथा निरीक्षण फाराम भर्नु पर्नेछ।

२४. **<u>प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गर्ने प्रक्रियाः</u>** (१) उद्योगले ऐनको दफा ३३ बमोजिम प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्राप्त गर्नको लागि देहायको कागजात र विवरण संलग्न गरी उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनु पर्नेछः-

(क) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रोत्साहन, छुट, सुविधा वा सहुलियत माग सम्बन्धी विवरण,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(घ) कच्चा पदार्थ आयातमा सहुलियत सिफारिसका लागि उद्योगको स्वीकृत व्यावसायिक योजना (स्कीम) को प्रतिलिपि,

(ङ) घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको उद्योगको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्र,

(च) निर्यात प्रोत्साहनका लागि व्यापारिक बिल बिजक र भन्सार प्रज्ञापन पत्रको प्रतिलिपि,

नेपाल कानून आयोग

(छ) निर्यातमा प्रोत्साहनका लागि स्वघोषणाको विवरण,

(ज) निर्यातजन्य उद्योगको हकमा एक्जिम कोडको प्रतिलिपि,

(झ) प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको प्रकृति अनुसार निर्णय गरी उद्योग दर्ता गर्ने निकायले माग गरेका अन्य कागजात।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिम पेश गर्नु  पर्ने कागजात वा विवरण उद्योग दर्ता गर्ने निकायमा अद्यावधिक रहेकोमा त्यस्तो कागजात वा विवरण पुनः पेश गर्नुपर्ने छैन।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा छुट, सुविधा वा सहुलियत प्रदान गर्न मनासिब देखेमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई ऐन बमोजिम दिइने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत एकल बिन्दु सेवा केन्द्रमार्फत प्रदान गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रदान गरिएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको अभिलेख उद्योग दर्ता गर्ने निकायले राख्नु पर्नेछ।

२५. **औद्योगिक सुरक्षा प्रदान गर्नेः** (१) नेपाल सरकारले औद्योगिक प्रतिष्ठानहरूमा शान्ति, सुरक्षा कायम गर्न प्रत्येक औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक कोरिडोर तथा औद्योगिक क्लष्टरमा आवश्यकता अनुसार सुरक्षाकर्मी खटाउन सक्नेछ।

(२) कुनै उद्योगले सुरक्षाका कारण उद्योग सञ्चालन गर्न कठिनाई परेको भनी सुरक्षा माग गरेमा नेपाल सरकारले त्यस्तो उद्योग वा त्यस्तो उद्योग रहेको क्षेत्रमा आवश्यकता अनुसार सुरक्षाकर्मी खटाउन सक्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सम्बन्धित उद्योगको अनुरोधमा देहायको प्रयोजनको लागि छुट्टै सुरक्षा व्यवस्था मिलाउन सक्नेछः-

(क) औद्योगिक मेला, प्रदर्शनी तथा अन्य औद्योगिक समारोह आयोजना गर्न,

(ख) उद्योगमा भएको बन्द, हड्तालको समयमा हुन सक्ने आगजनी, तोडफोड तथा लुटपाट नियन्त्रण गर्न,

(ग) उद्योग, प्रतिष्ठान रहेको इलाकामा हुनसक्ने सम्भावित सुरक्षा चुनौतिको सामना गर्न।

(४) दुई अर्ब रूपैयाँभन्दा बढी लगानी भएका वा एक सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उद्योगले सुरक्षा जनशक्तिको लागत खर्च आफैंले व्यहोर्ने

गरी आफ्नो उद्योगको सुरक्षाको लागि सरकारी सुरक्षाकर्मी उपलब्ध गराउन सम्बन्धित जिल्ला सुरक्षा समितिमार्फत नेपाल सरकारसँग अनुरोध गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम छुट्टै सरकारी सुरक्षाकर्मीको व्यवस्थाको लागि अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक शर्त तथा मापदण्ड तोकी त्यस्तो उद्योगलाई आवश्यक सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद- ४

## एकल बिन्दु सेवा केन्द्र

२६. **एकल बिन्दु सेवा केन्द्रः** (१) ऐनको दफा ३७ को उपदफा (१) मा उल्लिखित कार्यहरू समयमै उपलब्ध गराउन तथा सेवा प्रवाह गर्ने प्रयोजनको लागि विभागमा एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा रहनेछ।

(२) विभागको महानिर्देशकले एकल बिन्दु सेवा केन्द्रको प्रमुखको रूपमा कार्य गर्नेछ।

(३) एकल बिन्दु सेवा केन्द्रमा देहायका निकायको प्रतिनिधित्व रहनेछः-

(क) अर्थ मन्त्रालय,

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,

(ग) उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय,

(घ) गृह मन्त्रालय,

(ङ) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,

(च) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,

(छ) वन तथा वातावरण मन्त्रालय,

(ज) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय.

(झ) नेपाल राष्ट्र बैङ्क,

(ञ) नेपाल विद्युत प्राधिकरण,

(ट) नेपाल दुरसञ्चार प्राधिकरण,

(ठ) नेपाल सरकारले आवश्यक ठानेका अन्य सरकारी निकाय।

(४) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन र व्यवस्थापन गर्न सो केन्द्रमा आवश्यकता अनुसार देहायका एकाइहरू रहनेछन्ः-

(क) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण एकाइ,

(ख) उद्योग दर्ता तथा अनुमति एकाइ,

(ग) वातावरण तथा प्रविधि एकाइ,

(घ) प्रशासन तथा सुविधा एकाइ,

(ङ) कानून एकाइ,

(च) विदेशी विनिमय सहजीकरण एकाइ,

(छ) कर तथा भन्सार सहजीकरण र ड्युटी ड्रब्याक एकाइ,

(ज) भिसा सहजीकरण एकाइ,

(झ) जग्गा सहजीकरण एकाइ,

(ञ) पूर्वाधार एकाइ,

(ट) कम्पनी रजिष्ट्रार एकाइ,

(ठ) श्रम तथा व्यवसायजन्य सुरक्षा एकाइ।

(५) प्रचलित कानूनमा अन्यथा उल्लेख भएकोमा बाहेक एकल बिन्दु सेवा केन्द्रमा खटिने कर्मचारीले जुन निकायको प्रतिनिधित्व गर्ने हो सो निकायबाट हुनुपर्ने निर्णय त्यसरी खटिने कर्मचारीबाटै हुनसक्ने गरी त्यस्तो कर्मचारी खटाउने निकायले खटिने कर्मचारीलाई अख्तियारी प्रदान गर्नु पर्नेछ।

(६) कुनै निर्णय एकल बिन्दु सेवा केन्द्रमा खटिने कर्मचारीबाट नभई प्रचलित कानूनबमोजिम सम्बन्धित मन्त्रालय वा निकायबाट मात्र हुनुपर्ने देखिएमा एकल बिन्दु सेवा केन्द्रले सो निर्णयको लागि सम्बन्धित मन्त्रालय वा निकायमा अनुरोध गरी पठाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम एकल बिन्दु सेवा केन्द्रबाट निर्णयको लागि अनुरोध भएमा तत् तत् निकायले उच्च प्राथमिकता दिई छिटो निर्णय गर्नु पर्नेछ।

२७. **<u>एकल बिन्दु सेवा केन्द्रमा रहने जनशक्तिः</u>** (१) एकल बिन्दु सेवा केन्द्रको सङ्गठन संरचना र दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम स्वीकृत सङ्गठन संरचनाबमोजिमको दरबन्दीमा कामकाज गर्न सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम एकल बिन्दु सेवा केन्द्रको विभिन्न एकाइको कार्यसम्पादन गर्न खटिएका कर्मचारीले एकल बिन्दु सेवा केन्द्रको कर्मचारीको रूपमा कामकाज गर्नेछन्।

(४) उपनियम (२) बमोजिम एकल बिन्दु सेवा केन्द्रमा कामकाज गर्न खटिएका कर्मचारीको अतिरिक्त केन्द्रबाट प्रवाह गरिने सेवा प्रक्रियालाई सहज बनाउन महानिर्देशकले आवश्यकता अनुसार उद्योग विभागको दरबन्दीमा कार्यरत कर्मचारीलाई समेत एकल बिन्दु सेवा केन्द्रमा कामकाज गर्नको लागि खटाउन सक्नेछ।

(५) उपनियम (२) र (४) बमोजिम एकल बिन्दु सेवा केन्द्रका एकाइमा खटिने विभिन्न सेवा समूहका कर्मचारीहरू एकल बिन्दु सेवा केन्द्रको प्रमुखप्रति उत्तरदायी हुनेछन् र प्रमुखले केन्द्रमा रहने कर्मचारीको प्रशासन, व्यवस्थापन, सुपरीवेक्षण र समग्र कामको मूल्याङ्कन गर्नेछ।

(६) एकल बिन्दु सेवा केन्द्रको प्रशासनिक, आर्थिक तथा जिन्सी व्यवस्थापन लगायतका नियमित प्रशासन सम्बन्धी कार्य विभागले गर्नेछ।

२८. <u>**एकल बिन्दु सेवा केन्द्रको कार्य सञ्चालन प्रक्रियाः**</u> (१) एकल बिन्दु सेवा केन्द्रले ऐन तथा यस नियमावली बमोजिमका कार्य तथा सेवा प्रवाह एकीकृत रूपमा गर्नेछ र सो प्रयोजनको लागि केन्द्रले विद्युतीय (अनलाइन) प्रणालीको समेत प्रयोग गर्न सक्नेछ।

(२) एकल बिन्दु सेवा केन्द्रका एकभन्दा बढी एकाइहरूमार्फत अन्तर सम्बन्धित सेवा प्रवाह गर्दा सामूहिक निर्णय प्रणाली अपनाउनु पर्नेछ र सो प्रयोजनको लागि एक एकाइमा भएको सूचना, तथ्याङ्क तथा अभिलेखमा अर्को एकाइको पहुँच हुनेछ।

२९. <u>**वेबसाइट तथा पोर्टलको स्थापना र सञ्चालनः**</u> (१) एकल बिन्दु सेवा केन्द्रले विद्युतीय माध्यमको प्रयोग गरी सेवा सुविधा उपलब्ध गराउन वेबसाइट तथा पोर्टलको स्थापना गरी सञ्चालनमा ल्याउनेछ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको वेबसाइट तथा पोर्टलमा देहायका सुविधा उपलब्ध हुनेछन्:-

(क) एकल बिन्दु सेवा केन्द्रबाट प्रदान गरिने सेवा सुविधा प्राप्त गर्न निवेदन तथा कागजात पेश गर्न,

(ख) पेश भएको निवेदनको सम्बन्धमा भएको कामकारबाही, प्रगति र निर्णयको जानकारी प्राप्त गर्न,

(घ) लगानी सम्बन्धी सूचना तथा विवरण प्राप्त गर्न,

(ङ) एकल बिन्दु सेवा केन्द्रबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धी जानकारी।

(३) एकल बिन्दु सेवा केन्द्रले विद्युतीय वा भौतिक स्वरूपमा प्राप्त भएका कागजातको विद्युतीय अभिलेख राख्नु पर्नेछ।

३०. **<u>निर्णयमा चित्त नबुझेमा निवेदन दिन सकिनेः</u>** (१) एकल बिन्दु सेवा केन्द्रमा खटिएका कर्मचारीबाट भएको काम कारबाहीको सम्बन्धमा चित्त नबुझेमा सम्बन्धित व्यक्तिले सो केन्द्रको प्रमुखसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा एकल बिन्दु सेवा केन्द्रको प्रमुखले आवश्यक जाँचबुझ गरी सम्बन्धित कर्मचारीलाई आवश्यकता अनुसार निजको कार्यसम्पादनमा सुधार गर्न, सचेत गराउन वा प्रचलित सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही गर्न सक्नेछ।

(३) एकल बिन्दु सेवा केन्द्रबाट भएको कामकारबाही वा निर्णयका सम्बन्धमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कामकारबाही वा निर्णयको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम कुनै निवेदन प्राप्त हुन आएमा मन्त्रालयको सचिवले आवश्यक जाँचबुझ गरी सो सम्बन्धमा आवश्यक निर्देशनसहित निर्णय पुनरावलोकनका लागि एकल बिन्दु सेवा केन्द्रमा पठाउन सक्नेछ।

३१. **<u>निर्देशन पालना गर्नु पर्नेः</u>** (१) मन्त्रालयले ऐन तथा यस नियमावलीबमोजिम एकल बिन्दु सेवा केन्द्र सञ्चालनका सम्बन्धमा सो केन्द्रको प्रमुखलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु एकल बिन्दु सेवा केन्द्रको प्रमुखको कर्तव्य हुनेछ।

(३) एकल बिन्दु सेवा केन्द्रले आफूले वर्षभरिमा गरेका काम कारबाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>रूग्ण उद्योग</u>

३२. **<u>रूग्ण उद्योगको रूपमा घोषणा गर्न सक्नेः</u>** ऐनको दफा ३९ को उपदफा (१) मा उल्लिखित अवस्थाका कुनै उद्योगलाई नेपाल सरकारले देहायका मापदण्डका आधारमा रूग्ण उद्योगको रूपमा घोषणा गर्न सक्नेछः-

(क) तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) तीस प्रतिशतभन्दा बढीले कमी भएको,

(ख) ऋण सम्झौताबमोजिम ऋणको साँवा ब्याज तिर्न नसकेको,

(ग) पूँजीको अनुपातमा ऋणको मात्रा बढी भएको,

(घ) नेपाल धितोपत्र बोर्डमा सूचीकृत भएको उद्योगको हकमा अङ्कित मूल्यभन्दा बजार मूल्य कम भएको,

(ङ) अन्य कुनै कारणले ऐनको दफा ३९ को उपदफा (१) को अवस्था भएको।

३३. **रूग्ण उद्योग घोषणा गर्ने प्रक्रियाः** (१) कुनै उद्योगीले आफूले सञ्चालन गरेको उद्योगलाई ऐनको दफा ३९ को उपदफा (१) र नियम ३२ बमोजिमको मापदण्डको आधारमा रूग्ण उद्योगको रूपमा घोषणा गराउन चाहेमा मन्त्रालयमा अनुसूची-२० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ उद्योगले त्यस्तो उद्योगको सञ्चालनको लागि थप पूँजी (इक्विटी) लगानी र व्यावसायिक योजना पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन र संलग्न विवरण वा कागजातउपर मन्त्रालयले रूग्ण उद्योग सुझाव समितिमार्फत आवश्यक जाँचबुझ तथा त्यस्तो उद्योगको स्थलगत निरीक्षण गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण समेत गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम जाँचबुझ र स्थलगत निरीक्षण गर्दा ऐनको दफा ३९ तथा यस नियमावलीबमोजिम त्यस्तो उद्योगलाई रूग्ण उद्योगको रूपमा घोषणा गर्न मनासिब देखिएमा रूग्ण उद्योग सुझाव समितिले मन्त्रालयसमक्ष सिफारिस सहित प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त सिफारिसको आधारमा कुनै उद्योगलाई रूग्ण उद्योगको रूपमा घोषणा गर्न मनासिब देखिएमा मन्त्रालयले सम्बन्धित क्षेत्रगत मन्त्रालय र अर्थ मन्त्रालयसमेतको सहमति लिई त्यस्तो उद्योगलाई रूग्ण उद्योगको रूपमा घोषणा गर्न नेपाल सरकारसमक्ष प्रस्ताव पेश गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम प्राप्त प्रस्ताव मनासिब देखेमा नेपाल सरकारले त्यस्तो उद्योगलाई रूग्ण उद्योगको रूपमा घोषणा गर्न सक्नेछ।

नेपाल कानून आयोग

(७) उपनियम (६) बमोजिम रूग्ण उद्योगको रूपमा घोषणा भएको उद्योगलाई सहकारी संस्थाले सञ्चालन गर्न चाहेमा त्यस्तो सहकारी संस्थाले देहायका शर्तहरू पालना गर्ने गरी सञ्चालन गर्नु पर्नेछः-

(क) उद्योगको स्वीकृत उद्देश्य तथा क्षमता अनुसार वस्तु तथा सेवा उत्पादन गर्नु पर्ने,

(ख) उद्योग दर्ता हुँदाका बखत तोकिएका शर्तहरू,

(ग) स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित शर्तहरू,

(घ) रूग्ण उद्योगको लगानीकर्ता र उक्त उद्योग सञ्चालन गर्ने सहकारी संस्थाबीच भएको सम्झौताका शर्तहरू,

(ङ) उद्योग दर्ता गर्ने निकायले दिएको निर्देशन तथा आदेश।

३४. **<u>रूग्ण उद्योगले पाउने सुविधा, सहुलियत तथा छुटः</u>** (१) नेपाल सरकारले रूग्ण उद्योगको पुनरूत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि ऐनको दफा ४१ मा उल्लिखित सुविधा, सहुलियत वा छुटका अतिरिक्त देहाय बमोजिमका सुविधा, सहुलियत तथा छुट उपलब्ध गराउन वा सोको लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ :-

(क) साविकको कर्जालाई सहुलियत कर्जा (सफ्ट लोन) मा रूपान्तरण गर्न सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई सिफारिस गर्ने,

(ख) साविकको कर्जाको ब्याज तथा हर्जाना छुट दिन सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई सिफारिस गर्ने,

(ग) उद्योग सञ्चालनका लागि बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा थप कर्जा उपलब्ध गराउन सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई सिफारिस गर्ने,

(घ) ऋण तिर्न नसकी कालो सूचीमा परेका उद्योगलाई ऋण तिर्ने अवधि थपिदिन सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई सिफारिस गर्ने।

(२) उपनियम (१) बमोजिम उद्योगलाई छुट, सुविधा वा सहुलियत उपलब्ध गराउँदा रूग्ण उद्योगको वर्गीकरणका आधारमा छुट, सुविधा वा सहुलियतको मात्रामा फरक फरक हुने गरी त्यस्तो छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन वा सोको लागि सम्बन्धित वित्तीय संस्थाको नियामक निकायलाई सिफारिस गर्न सक्नेछ।

३५. **<u>रूग्ण उद्योगको वर्गीकरणः</u>** (१) ऐनको दफा ४० बमोजिम रूग्ण उद्योगको वर्गीकरण देहायको मापदण्डको आधारमा गरिनेछः-

(क) पूर्ण रूग्ण उद्योगः-

(१) पछिल्ला तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) सत्तरी प्रतिशतभन्दा बढीले कमी भएको,

(२) पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको बीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(३) अन्य कुनै कारणले पछिल्ला तीन वर्षसम्म उद्योग पूर्ण रूपमा बन्द रहेको, र

(४) ऐन तथा यस नियमावली बमोजिम नेपाल सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिंदा बढीमा पाँच वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको।

(ख) रूग्ण उद्योगः-

(१) पछिल्ला तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) पचास प्रतिशतभन्दा बढीले कमी भएको,

(२) पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको पच्चीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(३) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारणबाहेक अन्य कुनै कारणले पछिल्ला दुई वर्षसम्म उद्योग पूर्ण रूपमा बन्द रहेको, र

(४) ऐन तथा यस नियमावलीबमोजिम नेपाल सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिंदा बढीमा तीन वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको।

(ग) रूग्ण उन्मुख उद्योगः-

(१) पछिल्ला तीन वर्षदेखि घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) तीस प्रतिशतभन्दा बढीले कमी भएको,

(२) पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको तीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(३) अन्य कुनै कारणले पछिल्लो एक वर्षदेखि उद्योग पूर्ण रूपमा बन्द रहेको, र

(४) ऐन तथा यस नियमावलीबमोजिम नेपाल सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा दुई वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको।

(२) उपनियम (१) बमोजिम रूग्ण उद्योगको वर्गीकरण गर्दा उद्योगको व्यावसायिक योजना वा कार्ययोजना, उद्योगले विगतमा गरेको उत्पादन तथा उद्योगको लेखापरीक्षण प्रतिवेदन, प्राविधिक वा विज्ञ समेतको स्थलगत निरीक्षण प्रतिवेदन समेतलाई आधार लिनु पर्नेछ।

३६. **रूग्ण उद्योग सुझाव समितिको गठनः** (१) रूग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरूत्थान, पुनर्निर्माण र व्यवस्थापनको लागि ऐनको दफा ४२ को उपदफा (१) बमोजिम गठन गरिने रूग्ण उद्योग सुझाव समितिमा प्रशासन, व्यवस्थापन, लेखा, लेखापरीक्षण, उद्योग, व्यापार, बैङ्किङ्ग वा निर्माण व्यवस्थापनमा कम्तीमा दश वर्षको कार्य अनुभव भएका व्यक्तिहरू मध्येबाट एकजना संयोजक र कम्तीमा एकजना महिलासहित दुई जना सदस्य रहनेछन्।

(२) रूग्ण उद्योग सुझाव समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) रूग्ण उद्योग सुझाव समितिले कार्य सम्पादन गर्दा आवश्यकता अनुसार नेपाल सरकारका कुनै निकायका प्रतिनिधि वा सम्बन्धित विषयको विज्ञलाई बैठकमा आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ।

(४) रूग्ण उद्योग सुझाव समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैँले निर्धारण गर्न सक्नेछ।

(५) रूग्ण उद्योग सुझाव समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

३७. **रूग्ण उद्योग सुझाव समितिको काम, कर्तव्य र अधिकारः** यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त रूग्ण उद्योग सुझाव समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) रूग्ण उद्योगको पहिचान गर्न त्यस्तो उद्योगको भौतिक, प्राविधिक, बजार प्रणाली, व्यवस्थापन लगायतका पक्षको बारेमा विश्लेषण गर्ने,

(ख) उद्योगको वास्तविक स्थितिको पहिचान गर्न उद्योगको स्थलगत अध्ययन गर्ने, गराउने,

(ग) रूग्ण उद्योगहरूमध्ये सम्भाव्य उद्योगहरूलाई पुनरूत्थान, पुनः निर्माण र व्यवस्थापन गर्ने सम्बन्धमा सम्बन्धित उद्योग र नेपाल सरकारले गर्नु पर्ने क्रियाकलाप सम्बन्धी सुझाव सहितको प्रतिवेदन तयार गर्ने,

(घ) नियम ३२ मा उल्लिखित मापदण्डको आधारमा ऐनको दफा ४० बमोजिम रूग्ण उद्योगको वर्गीकरणको लागि सिफारिस गर्ने,

(ङ) रूग्ण उद्योगले पाउने अन्य छुट, सुविधा वा सहुलियत सम्बन्धी नीतिगत, कानूनी तथा व्यवस्थापकीय विषयमा गर्नुपर्ने सुधारको लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(च) उद्योगको वित्तीय विवरण लगायतका अन्य विवरण प्राप्त गरी विश्लेषण गर्ने,

(छ) उद्योगसँग सम्बन्धित सूचना सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(ज) उद्योगसँग सरोकार राख्ने व्यक्ति तथा निकायसँग छलफल, अन्तर्क्रिया गरी राय सुझाव लिने।

## परिच्छेद- ६

## नेपाल व्यवसाय मञ्च

३८. **नेपाल व्यवसाय मञ्चको गठनः** (१) ऐनको दफा ४८ बमोजिम गठन हुने नेपाल व्यवसाय मञ्चमा देहायका अध्यक्ष र सदस्य रहनेछन् :-

(क) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री -अध्यक्ष

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री वा सहायक मन्त्री - उपाध्यक्ष

(ग) सदस्य (उद्योग हेर्ने), राष्ट्रिय योजना आयोग -सदस्य

(घ) गभर्नर, नेपाल राष्ट्र बैङ्क -सदस्य

(ङ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(छ) सचिव, परराष्ट्र मन्त्रालय -सदस्य

(ज) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य

(झ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ञ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(ट) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(ठ) सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ड) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(ढ) सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ण) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय -सदस्य

(त) सचिव, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(थ) सचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(द) सचिव, उद्योग तथा वाणिज्य क्षेत्र हेर्ने मन्त्रालय (सबै प्रदेश) -सदस्य

(ध) प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्ड -सदस्य

(न) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ -सदस्य

(प) अध्यक्ष, नेपाल उद्योग परिसङ्घ -सदस्य

(फ) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श -सदस्य

(ब) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ -सदस्य

(भ) अध्यक्ष, नेपाल महिला उद्यमी महासङ्घ -सदस्य

(म) सहसचिव, औद्योगिक तथा लगानी प्रवर्धन महाशाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य-सचिव

(२) नेपाल व्यवसाय मञ्चको बैठक वर्षमा कम्तीमा एकपटक सो मञ्चको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) नेपाल व्यवसाय मञ्चको बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको पदाधिकारी वा सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) नेपाल व्यवसाय मञ्चको बैठक सम्बन्धी अन्य कार्यविधि सो मञ्च आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

३९. **<u>नेपाल व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा ४८ को उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त नेपाल व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) देशको औद्योगिक, आर्थिक, मौद्रिक, वाणिज्य, निकासी तथा पैठारी र संस्थागत सुशासनका क्षेत्रमा नीतिगत सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) मुलुकको औद्योगिक तथा व्यावसायिक विकास सम्बन्धी समष्टिगत र क्षेत्रगत नीति समिक्षा गर्ने तथा सैद्धान्तिक विषयमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बद्ध निकायलाई मार्गदर्शन गर्ने,

(ग) मुलुकमा आन्तरिक तथा विदेशी लगानी प्रवर्धनका लागि सबल र सहयोगी वातावरण निर्माण गर्न सम्बन्धित सरोकारवालाको सम्पर्क बिन्दुको रूपमा कार्य गर्ने,

(घ) सार्वजनिक-निजी संवाद र सहकार्यमार्फत संस्थागत तथा व्यवस्थापकीय सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(ङ) श्रम सम्बन्धको सम्बन्धमा नीतिगत सुधार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

## परिच्छेद- ७

## <u>करार गरी गरिने उत्पादन</u>

४०. **<u>करार गरी उत्पादन गर्न सक्नेः</u>** (१) कुनै उद्योगले अर्को कुनै निर्यातमूलक उद्योगको लागि ऐनको दफा ५० को ⇨<u>उपदफा (२)</u> बमोजिम वस्तु वा सेवाको उत्पादन गर्दा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) करारमा वस्तु उत्पादन (कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ) गर्ने उद्योग प्रचलित कानून बमोजिम दर्ता भएको हुनुपर्ने,

⇨ पहिलो संशोधनद्वारा संशोधित।

(ख) करारमा कुनै वस्तु वा सेवा उत्पादन गर्ने उद्योगले सो वस्तु वा सेवा उत्पादन गर्न उद्योग दर्ता गर्ने निकायबाट प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरेको हुनुपर्ने,

(ग) करारमा वस्तु वा सेवा उत्पादन गराउने उद्योगको उत्पादन हुने वस्तु वा सेवाको ट्रेडमार्क दर्ता भएको वा हक कायम भएको हुनुपर्ने, र

(घ) उत्पादनकर्ता उद्योगले आफ्नो स्वीकृत क्षमताको सीमा भित्र रहेर मात्र वस्तु वा सेवा उत्पादन गरेको हुनुपर्ने।

(२) उपनियम (१) बमोजिमको मापदण्ड पूरा गरेको निर्यातमूलक उद्योगले निर्यात गरेको वस्तुको परिमाणको आधारमा देहाय बमोजिमको छुट, सुविधा वा सहुलियत पाउन सक्नेछः-

(क) निर्यातमा नगद प्रोत्साहन,

(ख) सहुलियत दरमा निर्यात कर्जा,

(ग) महसुल फिर्ता सुविधा (ड्युटी ड्रब्याक),

(घ) ऋण लगानीमा प्राथमिकता, वा

(ङ) नेपाल सरकारले समय समयमा तोकेबमोजिम कर, महसुल, शुल्क तथा कच्चा पदार्थ आयातमा सहुलियत।

## परिच्छेद- ८

## औद्योगिक तथा लगानी प्रवर्धन कोषको सञ्चालन तथा व्यवस्थापन

४१. **कोषको सञ्चालनः** (१) ऐनको दफा ५१ बमोजिम नेपाल सरकारले मुलुकको औद्योगिक लगानी प्रवर्धन तथा संरक्षणको लागि एक औद्योगिक तथा लगानी प्रवर्धन कोषको स्थापना गर्नेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा ऐनको दफा ५१ को उपदफा (२) बमोजिमको रकम रहनेछ र त्यस्तो रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(३) उपनियम (१) बमोजिमको कोषको खाता सञ्चालन मन्त्रालयको सचिवले तोकेको अधिकृत स्तरको कर्मचारी र मन्त्रालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) उपनियम (१) बमोजिमको कोषमा रहने रकम ऐनको दफा ५१ को उपदफा (३) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही खर्च गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम कोषको रकमबाट खर्च गर्नको लागि वार्षिक कार्यक्रमको छनौट गर्दा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित कार्यक्रममा दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ।

४२. **कोषको लेखा परीक्षण:** (१) नियम ४१ बमोजिमको कोषको आय-व्ययको लेखा नेपाल सरकारको स्वीकृत ढाँचाबमोजिम राखिनेछ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ।

(३) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

## परिच्छेद-९

## विविध

४३. **व्यावसायिक सामाजिक जिम्मेवारी:** (१) ठूला उद्योग, मझौला वा वार्षिक पन्ध्र करोड रूपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले ऐनको दफा ५४ को उपदफा (१) बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनको लागि छुट्याएको रकम देहायको कुनै क्षेत्रमा खर्च गर्नु पर्नेछः-

(क) विपद्को रोकथाम, नियन्त्रण तथा उद्धार,

(ख) सामुदायिक स्वास्थ्य संस्थालाई औषधि तथा स्वास्थ्य सम्बन्धी उपकरण वितरण, स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, स्वास्थ्य शिविर सञ्चालन लगायतका स्वास्थ्य सम्बन्धी कार्यक्रम,

(ग) नेपाली कला, साहित्य, संस्कृति, पुरातात्त्विक धरोहरको संरक्षण तथा सम्बर्द्धन,

(घ) न्यून आय भएका, पिछडिएका, ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका लागि सीपमूलक र आयमूलक कार्यक्रम,

(ङ) सामुदायिक विद्यालय तथा विश्वविद्यालयका लागि छात्रवृत्ति, शैक्षिक उपकरण तथा सामग्री वितरण लगायत शैक्षिक विकास सम्बन्धी कार्यक्रम,

(च) प्रदुषण नियन्त्रण, फोहर मैला व्यवस्थापन, वैकल्पिक ऊर्जाको प्रवर्धन लगायत प्राकृतिक र वातावरण संरक्षण सम्बन्धी कार्यक्रम,

(छ) सामाजिक विकृति, विसङ्गति, कुरीति र सामाजिक पछ्यौटेपन विरूद्धको अभियान,

(ज) खानेपानी आयोजना, सडक, ढल, पाटी पौवा, वृद्धाश्रम, खेल मैदान, धार्मिक स्थल, सामुदायिक स्वास्थ्य भवन, सामुदायिक भवन, अनाथ आश्रम, पार्क, बसपार्क तथा बस बिसौनी जस्ता भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार।

[µ](झ) उद्योग दर्ता गर्ने निकायले तोकेको व्यावसायिक सामाजिक जिम्मेवारी क्षेत्र अन्तर्गत पर्ने अन्य उपयुक्त क्षेत्र।

(२) उपनियम (१) बमोजिमका क्षेत्रमा खर्च गर्नको लागि छुट्याएको वार्षिक रकमको वार्षिक योजना तथा कार्यक्रम बनाई सम्बन्धित उद्योगले उद्योग दर्ता गर्ने निकायमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको क्षेत्रमा खर्च गर्न छुट्याइएको वार्षिक रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गरी सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ।

(४) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी अन्तर्गत कुनै कार्य गर्दा सम्बन्धित स्थानीय तहको समन्वयमा गरी सोको कार्य सम्पन्न विवरण उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(५) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी खर्च गर्न वा कार्यक्रम सञ्चालन गर्न वा आफ्नो लगानी भएका वा आफ्नो उद्योगमा संलग्नता भएका व्यक्ति वा सामाजिक वा व्यवसायिक सङ्घ संस्थामा खर्च गर्न पाउने छैन।

४४. **क्षतिपूर्ति सम्बन्धी:** (१) ऐनको दफा ५६ को उपदफा (१) बमोजिम कुनै उद्योगग्राम, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको लागि तोकेको क्षेत्र र दुरीभित्रको निजी जग्गामा आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउन नहुने गरी नेपाल सरकारले नेपाल

---

µ पहिलो संशोधनद्वारा थप।

राजपत्रमा सूचना प्रकाशन गरेकोमा त्यस्तो सूचनाको कारणबाट कुनै व्यक्तिलाई हानि नोक्सानी पुग्न गएमा त्यस्तो व्यक्तिले नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र मन्त्रालयसमक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर मन्त्रालयले आवश्यक जाँचबुझ गरी सरोकारवाला निकायसमेतको सहभागितामा आवश्यक मापदण्ड निर्धारण गरी सोको आधारमा क्षतिपूर्तिको मूल्याङ्कन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम क्षतिपूर्तिको मूल्याङ्कन भएपछि मन्त्रालयले उपनियम (१) बमोजिमको निवेदकलाई क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस सहित नेपाल सरकार समक्ष पेश गर्नेछ र नेपाल सरकारले त्यस्तो क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ।

४५. **<u>विद्युतीय माध्यमको प्रयोगः</u>** (१) ऐनको दफा ५७ बमोजिम विभाग वा एकल बिन्दु सेवा केन्द्रबाट प्रवाह हुने सेवासँग सम्बन्धित उद्योग दर्ताको निवेदन, विदेशी लगानी स्वीकृति, नामसारी, नाम परिवर्तन, स्थानान्तरण, उद्योग दर्ता अनुमति, पूँजी तथा क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन, वातावरणीय प्रभाव मूल्याङ्कन, लगानी तथा आर्जित रकम फिर्ता, उद्योगलाई दिइने छुट, सहुलियत, सुविधा, खारेजी, नियमन र औद्योगिक बौद्धिक सम्पत्ति जस्ता कार्यको लागि निवेदन लिँदा, तत्सम्बन्धी जानकारी दिँदा वा उद्योग प्रशासन सम्बन्धी अन्य कार्य गर्दा विद्युतीय माध्यमको प्रयोग गरी अभिलेख गरिनेछ।

(२) उपनियम (१) बमोजिम कार्यसम्पादन गर्दा तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यममा रूपान्तरण गरी पोर्टलमा आबद्ध गरिनेछ।

(३) प्रदेश र स्थानीय तहमा दर्ता हुने उद्योगसमेतको एकीकृत विद्युतीय विवरण उद्योग विभागले पोर्टलमार्फत अद्यावधिक गर्नु पर्नेछ।

(४) ऐन बमोजिम छुट, सुविधा र सहुलियत प्राप्त गर्नका लागि विद्युतीय पोर्टल सञ्चालनमा आएपश्चात सबै उद्योगले त्यस्तो पोर्टलमा आबद्ध भई विवरण समेत अद्यावधिक गराएको हुनु पर्नेछ।

४६. **<u>स्वचालित स्वीकृति प्रक्रियाः</u>** ऐनको दफा ५८ बमोजिमको स्वचालित स्वीकृति प्रक्रिया सम्बन्धी व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

४७. **<u>खारेजी र बचाउः</u>** (१) औद्योगिक व्यवसाय नियमावली, २०७६ खारेज गरिएको छ।

(२) औद्योगिक व्यवसाय नियमावली, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

नेपाल कानून आयोग

अनुसूची-१

(नियम ३ को उपनियम (१) र नियम १४ को उपनियम (३) सँग सम्बन्धित)

**उद्योग दर्ताको लागि दिइने निवेदनको ढाँचा**

श्री..........., | हुलाक टिकट

..............................।

विषयः उद्योग दर्ता गरिदिने सम्बन्धमा।

महोदय,

.................. प्रदेश .............. जिल्ला .................. नगरपालिका/गाउँपालिका वडा नं. .... मा ................................ उद्देश्य रहेको .................................. नामको उद्योग स्थापना गर्न औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ३ को उपनियम (१) बमोजिम संलग्न गर्नु पर्ने कागजात र विवरण यसै निवेदनसाथ संलग्न गरी उद्योग दर्ताको लागि निवेदन गरेको छु/गरेका छौं। निवेदनमा उल्लेख भएको व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको पूरा नाम, थरः

निवेदकको हस्ताक्षरः

नागरिकता प्रमाणपत्रको नम्बरः ................. जारी मितिः ................., जिल्लाः ..........

निवेदकको ठेगानाः

प्रदेशः ............., जिल्लाः ..................., गाउँपालिका/नगरपालिकाः ................, वडा नं. ..

टोल/मार्गः ........................., घर नम्बरः ...............

सम्पर्क फोन/मोबाइल नम्बरः .......................

फ्याक्स नम्बरः ................. इमेलः ...................................

अनुसूची-२

(नियम ३ को उपनियम (२) र नियम ८ को उपनियम (१) को खण्ड (च) सँग सम्बन्धित)

## परियोजना विवरण

१. उद्योगको नामः

२. उद्योग रहने स्थान .............. प्रदेश, .............. जिल्ला, .............. नगरपालिका/गाउँपालिका, वडा नं. ......

३. पत्राचारको ठेगाना र फोन नं.:
सम्पर्क व्यक्तिको नामः

४. विशेष आर्थिक क्षेत्रको नामः

